
*Dhaulagiri Journal of Contemporary Issues* *Vol.* 4, *Issue 1* 2026 pp. 169-181

Publisher: RMC Dhawalagiri Multiple Campus, Baglung **ISSN: 2990-7993(P)**




**Article information**

Received: 23 March 2026
Review: 29 March to 26April 2026
Revision 28 April to 28 May 2026
Accept: 22 June 2026
Published: 8 July 2026
DOI: https://doi.org/10.3126/djci.v4i1.96643
Available: https://dmcjournal.edu.np/index.php/DWJCI

# काभ्रेली लोकगीतमा नारी र पर्यावरणको सम्बन्ध

**जानुका कोइराला**
त्रिभुवन विश्वविद्यालय, काठमाडौं
**Email:** koirala_urmila@yahoo.com

## लेखसार

प्रस्तुत लेख मूलतः काभ्रेपलाञ्चोक जिल्लाका महिलाले गाएका लोकगीतहरूमा नारी र पर्यावरणको सम्बन्धको अध्ययनमा केन्द्रित छ। यस लेखलाई पर्यावरणीय सिद्धान्तअन्तर्गत नारीपर्यावरणका आधारमा विश्लेषण गरिएको छ । नारीपर्यावरणले नारीवाद र पर्यावरणवादको संयोजन गरेर महिला र वातावरणबिचको सम्बन्धलाई अध्ययन गर्ने हुनाले यस लेखमा सोही अध्ययनका लागि काभ्रेपलाञ्चोक जिल्लाबाट सङ्कलित गीतमध्ये ६ ओटा लोकगीतको छनौट गरिएको छ । काभ्रेली लोकगीतमा प्रतिविम्बित नारी र पर्यावरणसँगको सम्बन्धको खोजी गर्दा नारी र प्रकृति, नारी र प्रविधि, नारी र खानपानका आधारमा विश्लेषण गरिएको छ। यस क्रममा नारी र प्रकृतिअन्तर्गत पर्यावरणसँग जोडिएर नारीले गर्नुपर्ने खेतीपातीमा गरिने श्रम, पानीसँग जोडिएर नारीले गर्नुपर्ने घर व्यवहारका कर्म, पशुपालनलगायतका कर्म, वनजङ्गलसँग जोडिएर नारीले गर्नुपर्ने घाँस, सोतर, दाउरा आदिको व्यवस्थापन जस्ता पक्षहरू समेटिएका गीतहरूको विश्लेषण गरिएको छ भने नारी र प्रविधि अन्तर्गत उनीहरूले कार्यस्थलमा उपयोग गर्ने औजार कोदालो, डोको, तथा नयाँ वैज्ञानिक आविष्कार अन्तर्गतको घडी, मोटर, रेलजस्ता प्रविधिसँग नारीको सम्बन्धको विश्लेषण गरिएको छ । त्यसैगरी नारी र खानपानअन्तर्गत भान्सामा पकाउने, खुवाउने र खानेकुराजस्ता विषय समेटिएका लोकगीतहरूमा नारीको सम्बन्ध कृषि उत्पादन, भात भान्सा र खानपानसँग आधारित भएर यसको विश्लेषण गरिएको छ। यस अध्ययनले लोकगीतमा झल्कने पर्यावरणको खोजीमा बहुउपयोगी हुने देखिन्छ ।

***शब्दकुञ्जी :*** अङ्कुश, अन्तर्सम्बन्ध, पर्यावरण, प्रविधि, बन्देज

*Copyright 2026 © The Author(s): This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/*

## विषयपरिचय

प्रस्तुत अध्ययन काभ्रेली लोकगीतको नारीपर्यावरणको खोजीमा आधारित छ । प्रस्तुत लेखलाई पर्यावरणीय सिद्धान्त अन्तर्गत नारीपर्यावरणका आधारमा विश्लेषण गरिएको छ । नारी पर्यावरण पर्यावरणीय सिद्धान्तको एक पाटो हो । नारीपर्यावरणले नारीवाद र पर्यावरणबिचको संयोजनलाई बुझाउँछ । नारीपर्यावरणीय समालोचना यस्तो साहित्यिक समालोचना हो जसले महिला र वातावरणबिचको अन्तर्सम्बन्धलाई अध्ययन गर्छ । पर्यावरणीय सिद्धान्तले मानवलाई सर्वोपरी नठानेर जीव, वनस्पति र प्राकृतिक पक्षलाई बराबरी महत्त्व दिन्छ भने नारीपर्यावरणले पितृसत्ताले नारी र प्रकृति दुवैलाई दोहन गर्दछ भन्ने सत्यलाई स्वीकार गरेर पितृसत्ताबाट नारी र प्रकृति मुक्त हुनुपर्ने धारणा राख्दछ । यसको प्रमुख उद्देश्य भनेको साहित्यमा पर्यावरण र नारीबिचको अन्तर्सम्बन्ध केलाउनु हो । यस लेखमा लोकसाहित्यअन्तर्गतको  लोकगीत विधामा नारीपर्यावरणीय पक्षको अध्ययन गरिएको छ । काभ्रेपलाञ्चोक जिल्लाको प्रमुख पेसा कृषि हो । कृषिअन्तर्गत मकै, गहुँ, धान, कोदो, फापर, तोरी लगायतका अन्नबाली, तरकारी, फलफूल, पशुपालन प्रमुख रहेको पाइन्छ । श्रुतिस्मृति परम्परामा आधारित लयात्मक मौखिक साहित्य नै लोकगीत हो । यो एकबाट अर्कोमा हस्तान्तरित हुँदै र परिवर्तन हुँदै निरन्तर चलिरहने विधा हो । काभ्रेपलाञ्चोक जिल्लामा तामाङसेलो, जुहारी गीत, नेवारी भजनजस्ता लोकगीत र मादल, ढ्याङ्ग्रो, डम्फु बाजाजस्ता लोकसङ्गीत बढी प्रचलित छन् । लोकगीतअन्तर्गत सिलोक, सवाइ, झ्याउरे गीत, घाँसे गीत, काँठे गीत, सेलो, मारुनी, देउसी, भैलो, बालन, तीजगीत, असारे गीतआदि प्रचलनमा रहेका छन् । काभ्रेमा विशेषगरी काँठे भाकाका गीतहरू प्रचलित छन् । काभ्रेका लोकगीतले यहाँको संस्कृति, परम्परा लगायत कृषिप्रधान समाजको यथार्थ र मानिसको प्रकृतिसँगको अर्न्तसम्बन्धको चित्रण गर्दछन् । प्रस्तुत लेख काभ्रेली लोकगीतमा नारी र पर्यावरणको सम्बन्ध शीर्षकमा आधारित छ । यसका लागि काभ्रेपलाञ्चोक जिल्लाबाट सङ्कलित छओटा लोकगीतको छनौट यसमा गरिएको छ । यसअन्तर्गत नारीपर्यावरणीय सिद्धान्तको उपयोगिता, लोकगीतको भाव र लेखको आवश्यकता अनुरूप ती छओटा गीत छनौटमा परेका हुन् । यस क्रममा काभ्रेपलाञ्चोकको मन्डनदेउपुरको चाखोला र कुन्ताबेँसी, पनौतीको कुशादेवी, बनेपाको नाला र धुलिखेलको शङ्खुबाट गीत सङ्कलन गरिएको छ । प्रस्तुत लेखको शीर्षक नारी र पर्यावरणको सम्बन्ध भएकाले यसको मूल समस्या पनि काभ्रेपलाञ्चोक जिल्लाका लोकगीतमा नारी र पर्यावरणको सम्बन्धको चित्रण केकसरी गरिएको छ भन्ने समस्यामा केन्द्रित रहेर यो लेख तयार भएको छ र सङ्कलित लोकगीतमा नारी र पर्यावरणको सम्बन्धको खोजी गरेर विश्लेषण गर्नु यसको उद्देश्य हो । नारीपर्यावरण अन्तर्गत विविध विषयको प्रतिपादन भए तापनि यो अध्ययनमा अरू विषयलाई छाडेर काभ्रेली लोकगीतमा नारी र पर्यावरणको मात्र खोजी गरिएको छ । काभ्रेली अन्य लोकगीतको विभिन्न दृष्टिकोणबाट व्याख्या विश्लेषण भए तापनि नारी पर्यावरण अन्तर्गत पर्ने नारी र प्रकृति, नारी र प्रविधि तथा नारी र खानपानका विषयमा मात्र केन्द्रित भएर अहिलेसम्म अध्ययन नभएकाले यो शोधरिक्तता देखिन्छ । यस अर्थमा यो लेखले काभ्रेपलाञ्चोकको लोकगीतमा रहेको नारीपर्यावरणीय ज्ञानसम्बन्धी यो रिक्ततालाई पूर्ण गर्ने हुँदा यो लेख महत्त्वपूर्ण पनि रहेको छ ।

## अध्ययन विधि

काभ्रेली लोकगीतमा नारी र पर्यावरणको सम्बन्ध शीर्षकको यस लेखमा प्राथमिक र द्वितीय स्रोतबाट सामग्रीको सङ्कलन गरिएको छ । यसका लागि प्राथमिक सामग्रीको सङ्कलनमा क्षेत्रीय कार्य र द्वितीयक सामग्रीको सङ्कलनमा पुस्तकालयीय कार्यको उपयोग गरिएको छ । अनुसन्धानका लागि प्राथमिक सामग्रीका रूपमा काभ्रेपलाञ्चोक जिल्लामा गाइने लोकगीतलाई लिइएको छ । यस अध्ययनमा लोकगीत सङ्कलन गर्न क्षेत्रीय कार्य गर्नुपर्ने भएकाले यसका लागि सहभागितामूलक क्षेत्रगत कार्य विधिको रूपमा सम्बद्ध अध्ययन क्षेत्रको अवलोकन गरिएको छ । यसमा क्षेत्रगत शोधविधि अन्तर्गत सामग्री सङ्कलनको लागि भौगोलिक रूपमा सीमाङ्कन गरिएका स्थानमा पुगेर त्यहाँका स्थानीय स्रोत व्यक्तिहरू सँगसगै रोपाइँ गर्ने क्रममा असारे गीतका अलावा अन्य लयमा गाइएका गीतलाई सङ्कलन गरिएको छ । यस अनुसन्धानका लागि द्वितीयक सामग्रीको रूपमा पर्यावरण सिद्धान्तका आधारमा

भएका समालोचना तथा लोकगीतसम्बन्धी भएका पूर्वकार्यहरूलाई यस अध्ययनमा प्रयोग गरिएको छ । गीतको विश्लेषण गर्ने क्रममा नारीपर्यावरणसम्बन्धी अवधारणा प्रयोग गरिएको छ र त्यसलाई पनि द्वितीयक सामग्रीकै रूपमा लिइएको छ । प्रस्तुत लेखमा सङ्कलित लोकगीतहरूलाई तिनमा भएका विशेषताहरूको आधारमा गुणात्मक पद्धतिद्वारा विषयवस्तु विश्लेषणविधिको प्रयोग गरिएको छ । काभ्रेली लोकगीतमा निहित नारी र पर्यावरणको सम्बन्ध उद्घाटनमा केन्द्रित प्रस्तुत अध्ययनको सैद्धान्तिक आधार नारीपर्यावरणीय समालोचना सिद्धान्तमा आधारित छ । नारीपर्यावरणीय समालोचनाले साहित्यलाई विश्लेषण गर्ने आधारकै उपयोगबाट लोकसाहित्यअन्तर्गतको लोकगीतको अध्ययन गरिएको छ । यसरी यस लेखका लागि क्षेत्रगत सामग्री सङ्कलनविधिको उपयोग गरी वर्णनात्मक विधिको प्रयोग गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

पर्यावरणीय समालोचनाको सुरुआत १९९० को दशकमा भएपछि नै यसको एक शाखाका रूपमा नारीपर्यावरणको सुरुआत भएको हो । नारीवादी कार्यकर्ता, शान्ति र सामाजिक, न्यायका अभियन्ता, मजदुर आन्दोलनका प्रतिनिधि तथा नारी स्वतन्त्रताका पक्षमा उभिएका व्यक्तिहरूका साझा चेतना र विचारहरूको संगमबाट यो अवधारणा क्रमशः विकसित भएको हो (ग्यार्ड, १९९३, पृ. १) । वातावरण संरक्षणमा पुरूषको भन्दा महिलाको भूमिका बढी हुन्छ भन्ने धारणा नारीपर्यावरणको रहेको छ । जैविक कारणले प्रजनन् क्षमताका आधारमा महिला अझ सबल छन् तर पितृसत्ताले त्यसैलाई कमजोर पक्षका रूपमा लिएर दमन गरेको छ । पर्यावरणीय नारीवादीहरूले औपनिवेशिक, पितृसत्तात्मक तथा पर्यावरणीय तीनै किसिमका शोषणको साथसाथै विरोध गर्दै नारीहरू पुरूषको तुलनामा प्रकृतिसँग बढी नजिक छन् भन्ने तर्क गरेका छन् (उप्रेती, २०७९, पृ.२५७) । जैविक वा मानसिक दुवै तरिकाले नारीहरू पर्यावरणको निकट हुन्छन् र पर्यावरण संरक्षणका लागि सचेत पनि हुन्छन् । नारीपर्यावरण अङ्ग्रेजी इकोफेमिनिज्म शब्दको नेपाली रूपान्तरण हो । इकोफेमिनिज्म प्राचीन ज्ञानको लागि बिल्कुल नयाँ शब्द हो । यो विभिन्न सामाजिक, नारीवादी, शान्ति र पर्यावरणीय आन्दोलनहरूबाट १९७० को दशकको सुरुआततिर विकसित भएको सिद्धान्त हो । यद्यपि यो शब्द पहिलो पटक फ्रान्कोइस दिइबोनले प्रयोग गरेकी थिइन् । तर यो शब्द वातावरणीय विनाश विरूद्धको धेरै विरोध र गतिविधिहरूको सन्दर्भमा मात्र लोकप्रिय भयो, जुन सुरुमा बारम्बार आउने पारिस्थितिक विपदहरूले उत्प्रेरित गरेको थियो ( शिवा, २०१४, पृ. १५) । दुओबोनपछि नारीपर्यावरणलाई प्लमउड, वन्दना शिवा, करेन वारेनजस्ता विद्वानले यसलाई सिद्धान्तको रूपमा स्थापित गरे । इकोफेमिनिज्म सिद्धान्तलाई जीवन्तता दिने काम भारतीय दार्शनिक एवं भौतिकशास्त्री वन्दना शिवा र जर्मन समाजशास्त्री तथा अर्थशास्त्री मारिया मियसद्वारा लेखिएको इकोफेमिनिज्म नामक पुस्तकले गऱ्यो (वर्नर, २०२२ पृ. ११) ।

सन् १९८० मा अमेरिकाको आमहर्स्टमा पर्यावरणवादीहरूले ‘पृथ्वीमा महिला अनि जीवनः पर्यावरणीय नारीवाद १९८०’ विषयमा पहिलो सम्मेलन राखे । सांस्कृतिक पर्यावरणीय नारीवाद, उग्र पर्यावरणीय नारीवाद, स्वतन्त्र पर्यावरणीय नारीवाद, सामाजिक र समाजवादी पर्यावरणीय नारीवाद सबैले पर्यावरणसम्बन्धी विविध आयाम र पक्षहरूलाई समेटे पनि अन्तमा महिलाको उत्पीडन र दमन तथा प्रकृतिको दोहन र दमन उस्तै हो । समस्या पहिचान भएपछि महिला समस्या समाधान गर्ने तथा प्रकृतिको संरक्षण गर्ने अधिकार र योग्यता महिलामा मात्र हुन्छ भन्ने मतमा सबै पर्यावरणवादीको सहमती पाइन्छ (लामा, २०८१, पृ. २०) । नारीपर्यावरणले नारीलाई केवल निरीह, कोमल, संवेदनशील, आश्रिता र पीडितको रूपमा मात्र नहेरेर संरक्षक, पालनकर्ता, सिर्जनकर्ता तथा जीवनदायिनीका रूपमा हेर्दछ । पर्यावरणीय समस्या र नारीका समस्याका कारकहरू एकै हुन् भन्ने दृष्टिकोणबाट उठान गरिएको पर्यावरणीय समालोचनाभित्र एउटा शाखाको रूपमा विकसित साहित्य चिन्तन नै नारीवादी पर्यावरणीय चिन्तन हो । यसमा नारी र पर्यावरणको आपसी सम्बन्धलाई आधार बनाई अध्ययन गरिन्छ (त्रिपाठी, २०७५, पृ. ६६) । किंग (१९८१) का अनुसार प्रकृतिसँग महिलाहरूको जैविकमात्र नभइ ऐतिहासिक पनि नजिकको सम्बन्ध छ (पृ. १५) । पर्यावरणीय नारीवादी समाालोचनाले साहित्यमा

प्रकृति कसरी देखाइन्छ भन्ने कुरा बुझ्ने काम गर्छ । यसले प्रकृतिलाई स्वर्ग, आदर्श बगैँचा, कुमारी वा बाँझो भूमि, दुर्गन्धित दलदल, डरलाग्दो जङ्गलका सीमित बनाइन्छ तर यसको विषय केवल प्रकृतिसँगमात्र सीमित हुँदैन । यसले सीमारेखा, सहर, नदी, पहाड, मरूभूमि, आदिवासी समुदाय, प्रविधि, फोहोर, मानिसको शरीरसँगको सम्बन्ध पनि हेर्छ (ग्लोटफेल्टी, १९९६, पृ. xxii–xxiii) । नारीवादी समालोचनाको क्षेत्र ज्यादै विस्तृत छ । नारीवादी समालोचनाले हेर्ने गरेको परम्परागत विषयभन्दा बाहिर गएर यसले आलोचनात्मक दृष्टि सहित अन्य विषयहरू हेर्न सक्छ । यसको उद्देश्य केवल प्रकतिलाई मात्र समेट्ने नभइ सीमारेखा, सहर, नदी, पहाड, मरूभूमि, आदिवासी समुदाय, प्रविधि, फोहोर, मानिसको शरीरसँगको अन्तर्सम्बन्धलाई पनि हेर्ने गर्छ । मानिसका जन्मदेखि मृत्युसम्मका समग्र संस्कारहरू प्रकृतिसँग नजिक छन् । मानिसको बस्ने घर, घरका झ्याल ढोका, सुत्ने खाट भाडाकुँडा र खानपान सबै प्रकृतिमै निर्भर छन् । त्यस्तै मानिसले निर्माण गरेको विभिन्न कला पनि प्रकृतिसँग निकट छ। यस्ता पक्षहरू मानिसका संस्कृति हुन् । संस्कतिभित्र विभिन्न आविष्कार, निर्माणकला, साहित्य धर्म, विचार, दैनिक व्यवहार खानपान, रहनसहन आदि पर्ने र तिनको सम्बन्ध पर्यावरणसँग रहन्छ (भट्टराई, २०६४, पृ. ४२) । मान्छे जन्मेदेखि नमरेसम्मका सबैखाले कृयाकलापमा कतै प्रत्यक्ष त कतै परोक्ष रूपमा प्रकृतिले मुख्य भूमिका खेलेको हुन्छ । प्रकृतिबिना संस्कृति निर्माण हुने आधार नै हुँदैन । यस अर्थमा प्रकृति संस्कृतिको कच्चा पदार्थ हो भन्दा अत्युक्ति हुँदैन ।

पहिलो इकोफेमिनिष्ट पुस्तक रिक्लेइम द अर्थः विमेन स्पिक आउट फोर लाइफ अन अर्थ १९८३ हो । यसमा यनेष्ट्रा किंगले इकोफेमिनिज्मको आवश्यकताबारे परिभाषित गरिन् । यसले इकोफेमिनिज्मको सिद्धान्त र व्यवहार दुवैका आवश्यकतालाई उजागर गर्दै प्रकृति र महिलाबिचका सम्बन्ध जो पारिस्थितिक नारीवाद मूलतः यो शताब्दीको उत्तरार्धमा उदाएका दुई ठुला सामाजिक धाराहरू नारीवाद र पर्यावरण आन्दोलनबाट उत्पन्न भएका केही प्रमुख समस्याहरूको प्रतिक्रियाको रूपमा देखापरेको हो र यसले यी दुवै धारासँग साझा रहेका समस्याहरूलाई सम्बोधन गर्छ (प्लमउड, १९९३, पृ. ११) । नारीपर्यावरण नारीवाद र पर्यावरणीय आन्दोलनको उपज हो । अब्राहम्स (सन् २००७) ले पनि पर्यावरणीय साहित्यको अध्ययनमा पर्यावरणीय समालोचकहरूबिच समान सैद्धान्तिक दृष्टिकोण र प्रक्रिया नहुँदा अध्ययनमा भिन्नता देखिन्छ भन्ने कुरा उल्लेख गरेका छन् (पृ. ७२) । नारीवाद महिलामाथिको असमानता र थिचोमिचो विरूद्धको आन्दोलन हो भने पर्यावरणीय आन्दोलन पर्यावरणीय दोहन विरूद्धको आन्दोलन हो । महिलालाई दमन गर्नेले नै पर्यावरणको पनि दोहन गर्छ भन्ने धारणा नारीपर्यावरणको रहेको छ। केयुर र सुबुद्धि (सन् २०१९) का अनुसार वन्दना शिवाले विकास, पर्यावरण र महिलाबिचको सम्बन्ध चित्रण गर्दै प्रकृतिलाई महिलासँग जोडेकी छिन् । उनले प्रकृतिको मृत्यु नै महिलाको मृत्यु हो भन्दै आधुनिकीकरण प्रक्रियालाई गरिबी र भोकमरी निम्त्याउने कारक मान्छिन् । महिला उत्पादकत्वमाथि विकास परियोजनाले गर्ने व्यवस्थापन र नियन्त्रणले भूमि, पानी र वनहरूको विनाश गर्दछ । विकास भनेको जैविक अन्तरसम्बन्धित र अन्तरनिर्भर प्रणालीहरूको अखण्डताको उल्लङ्घन हो जसले शोषण, असमानता, अन्याय र हिंसाको प्रक्रियालाई गति दिन्छ भन्दै शिवाले वैज्ञानिक कृषिको हानीको बारेमा सुक्ष्म रूपमा उल्लेख गरेकी छिन् (पृ. ४२८-४२९) । मानिसको खानपान जीवनकला, जाति, समूह, लैङ्गिक व्यवहार, आदि प्रकृतिद्वारा निर्देशित छन् । जमिन, जल, जङ्गल र वायु संस्कृति निर्माणमा प्रत्यक्ष जोडिने पर्यावरणीय पक्ष हुन् । त्यसैले मानिसको संस्कृति निर्माणमा सम्पूर्ण रूपले पर्यावरण जिम्मेवार छ (गेरार्ड, सन् २००४, पृ. ९) । पूर्वीय संस्कृतिमा पृथ्वी, जल, तेज, वायु, आकाश गरी पञ्च महाभूतको महत्त्व प्रष्ट पारिएको छ। वास्तवमा प्रकृति र प्राणीको आधार यी पञ्चतत्त्व हुन् भन्ने सत्य पूर्वीय दार्शनिक सत्य मात्र होइन, समग्र वैज्ञानिक सत्य पनि हो । जीव विज्ञानसँग नजिकको सम्बन्ध राख्ने पर्यावरणीय अध्ययन इकोलोजीको अध्ययन गरिन्छ ( त्रिपाठी, २०८० पृ. १०१) । नारीपर्यावरण सिद्धान्तका विभिन्न धाराहरू विकसित हुने क्रममा नारीवादबाटै विकसित भएको धाराहरूमध्ये शाकाहारी नारीवाद एउटा प्रमुख धारा हो । पर्यावरणीय नारीवादको एक प्रवृत्ति प्राणीमाथि हुने हिंसा र सिकारको विरोधमा केन्द्रित छ । यो धाराले आहारमा मासुको प्रयोगको तीव्र आलोचना गर्दै आफूलाई शाकाहारी नारीवादीको रूपमा पहिचान गराउँछ ।

यसको मूल लक्ष्य पशुपन्छीहरूको अधिकार र सुरक्षाका लागि आवाज उठाउने हो । प्राणी हिंसाको विरोध र तिनको संरक्षणका लागि आन्दोलन गर्नु नै यस दृष्टिकोणको मुख्य उद्देश्य हो । यसका नारीवादी चिन्तकहरूका अनुसार मांसाहार संस्कृतिको मूल पितृसत्तात्मक सोचमा रहेको छ र उनीहरू पुरूष हिंसा र मांसाहारमा प्रत्यक्ष सम्बन्ध रहेको तर्क गर्छन् (गिरी, २०८१) । महिलालाई उपभोग्य वस्तुसरह उपयोग गर्ने र पशुलाई वध गरेर खाने प्रवृत्तिको विरोधस्वरूप शाकाहारी नारीवादको जन्म भएको हो । अचेल जनावरबाट निर्मित सबै खानाले जनावरमाथि हुने शोषणको पक्षपोषण गर्ने मान्यता अनुरूप दुध दही, अण्डा लगायतका सबैखाले खाना बहिष्कार गर्ने जमात पनि देखा परिसकेको छ ।

## परिणाम र विमर्श

नारी र पर्यावरणसँगको सम्बन्धको अवधारणा पर्यावरणीय साहित्यिक समालोचनासँग सम्बन्धित छ । यसले नारी र पर्यावरणको अन्तर्सम्बन्धको खोजी गर्दछ । यसमा काभ्रेली लोकगीतमा चित्रित नारी र पर्यावरणको सम्बन्धलाई (१) नारी र प्रकृति, (२) नारी र प्रविधि र (३) नारी र खानपानका आधारमा काभ्रेपलाञ्चोक जिल्लाबाट सङ्कलित लोकगीतको अध्ययन, अनुसन्धान र विश्लेषण गरिएको छ ।

### काभ्रेली लोकगीतमा नारी र प्रकृति

प्रकृतिको गतिशील स्वभावसँग नारीको स्वभावलाई तुलना गरिएको पाइन्छ। नारीपर्यावरणका अभियन्ताहरूले नारीहरू प्रकृतिसँग नजिक भएकाले पुरुषभन्दा आन्तरिक रूपले नारी शक्तिशाली हुने तर्क गरेका छन् (उप्रेती, २०६८, पृ. ३१६) । प्रकृति र नारीलाई पूर्वीय दर्शनले पनि समान गुणयुक्त अस्तित्वका रूपमा परिभाषित र व्यवहार गर्दै आएको छ (दीक्षित, २०७०, पृ. ४५) । प्राकृतिक स्रोतलाई मानिसले अतिक्रमण र जथाभावी उपभोग गर्ने गरेको छ । मानवको सेवामा सधैं उपलब्ध स्रोतहरूको नवीकरण आफैं हुने गर्छ । उदाहरणका लागि पिउने पानी पधेरामा आफैं उम्रन्छ, माटोलाई उर्वरा राखिराख्ने गड्यौलाहरू जमिनमुनि आफैं सलबलाउँछन् तर मान्छेले तिनीहरू असीमित छैनन् भनी कदापि भुल्नुभएन । यस्ता प्राकृतिक स्रोतहरू कुनैदिन रित्तिन सक्छन् (हितान, २०७०, पृ. ४८) । प्रकृतिको स्वरूप सधैं एकैनास हुँदैन, बदलिइरहन्छ । झरी पर्दा पानीको भेल वा बाढीले आफूसँगै सबैथोक बगाउँदै लान्छ र पानी धमिलिन्छ । झरी पर्न रोकिएपछि फेरि खोला सङ्लिन्छ तर नारीको मनमा भएको पीर र व्यथाको थुप्रोले उसको मनलाई सङ्लिनै दिदैन । यसलाई गीतमा यसरी अभिव्यक्त गरिएको छ :

सरिता तिम्रो हाम्रो भेट भको दिन
निरकमल सङ्लो पानी धमिलो मन किन (स्रोत : ईश्वरी पराजुली, बनेपा, नालाको रोपाइँमा गाइएको गीत, *२०८२ असार, २)*

यस गीतको पहिलो पङ्क्तिमा सरिता नामक महिलालाई सम्बोधन गरिएको छ भने दोस्रो पङ्क्तिमा उही सरितालाई निरकमल भनेर सम्बोधन गरिएको छ। यहाँ सर्वप्रथम सम्बोधन गरिएकी सरिता केवल एक नारीमात्र नभएर समग्र नारीहरूको प्रतिनिधित्व पात्र हो भने दोस्रोपटक सम्बोधन गरिएको निरकमल शब्दले नारी र निरकमल फूललाई एकअर्काको पर्यायको रूपका उपयोग गरिएको छ । यहाँ नारीलाई निरकमलको उपमा दिइएको छ। जसरी कुनै फोहोर दहमा उम्रेर पनि कमल सुन्दर, मनमोहक, कोमल र शान्त प्रतित हुन्छ त्यसैगरी समाजले नारीबाट पनि फूलजस्तै कोमल, शान्ति र सुन्दरताको भूमिकाको अपेक्षा गर्दछ । यस गीतमा मेलापातको बहानामा बल्लतल्ल भेट भएको बखतमा पनि पानी सङ्लियो तर आफ्नो सङ्गिनीको मन किन सङ्लिएन भन्ने सवाल गरिएको छ। पानीको धर्म बग्नु हो र बग्दै सङ्लिनु पनि हो। पानी अस्थिर हुन्छ र क्षणक्षणमा आफ्नो स्वरूप परिवर्तन गरिरहन्छ तर नारी पानी जस्तै स्वतन्त्र छैन । उसलाई समाजले अस्थिर हुने छुट दिएको छैन । नारीको जीवनमा समाजले खोजे अनुरूपको स्थिर भूमिकाले उसलाई सङ्लिएर बाँच्न कठिन बनाइदिन्छ । हुन त नारीलाई समाजको अङ्कुशमा स्थिर भएर बाँच्न सिकाइएको छ तर पनि यी सबै बाध्यतालाई छिचोलेर पानीजस्तै नारीले आफूलाई समय अनुकूल बदल्न र सङ्लो पारेर गतिशील रूपमा बाँच्नुपर्ने सन्देश यस गीतले दिएको छ। खानाबिना मानव लगायत कुनै पनि प्राणीको जीवन रहन सक्दैन । अधिकांश प्राणी लगायत मानवको

जीवनरक्षा मानिसकै कारणले भएको छ भने मानिस नै सबै प्राणीको जीवन सङ्कटको कारण पनि हो। खाद्यान्य आपूर्तिको प्रमुख स्रोत खेतीपाती हो भने खेतीपाती व्यवस्थापनको जिम्मा भने किसान र किसानमा पनि बढीजसो महिला किसानको हुने गर्दछ। माग बढी र आपूर्ति कम हुने आजको विश्वको समस्याको कारण त्यसको समाधान खोज्ने क्रममा आजका किसानले रसायनिक मल र विषदीको अत्याधिक प्रयोग गर्न थाले। फलस्वरूप माटोको उब्जाउ क्षमतामा ह्रास आएर एउटा विकराल स्थिति सिर्जना भएको छ। सत्ताधारी यस पक्षमा उदासिन जस्तै रहन्छन्। तलका यी गीतहरू यस्तै परिस्थितिसँग सम्बन्धित छन् :

मल पाइदैन बिउबिजन महङ्गो छ
कति मर्का किसानलाई भको छ
जनता अब होश गरी हिँड
अब जानुपर्दैन भोट दिन
डाडै काट्यो यो छोरो जेठाले
के गरे खै दहिचिउरे नेताले
हाम्ले दु:ख पाइहाल्यौ जानाजान
ती नेताको कुर्सीको तानातान
बाँझै बस्यो खेत र बारीमा
छोराछोरी विदेशको खाडीमा
कति गर्नु नेतैलाई गाली
केही आउँदैन देशी मल नहाली
किसानलाई कति छ टन्टा
तीन किलो मल लिनलाई ३ घण्टा
सुनको चुरा बुझ्यौ त कुरा
तीन किलो मल लिनलाई ६ घण्टा (स्रोतः भागिरथी सापकोटा र अन्य, मन्डनदेउपुर, कुन्ताबेँसीको रोपाइँमा गाइएको गीत, *२०८२ असार, ३१)*

माथिका गीतको पहिलो र दोस्रो पङ्क्तिमा किसानले खेती गर्ने अन्नको बिउ महङ्गो पर्ने तथा पशुपालनमा आएको कमीका कारण खेतबारीमा प्रयोग गर्ने जैविक मलको अभाव हुने तथा बजारमा रासायनिक मलको अभाव हुने गरेको तथ्यको उजागर भएको छ। तेस्रो र चौथो पङ्क्तिमा नेता वा सरकारी निकायबाट कृषि क्षेत्रको विकासका क्षेत्रमा कुनै पहल नभएको र बिउबिजन तथा रसायनिक मल वितरणको लागि उचित भूमिका खेल्न नसकेकोले कुनै व्यवस्थापन नभएको तथ्यको उजागर भएको छ। यसबाट अचेल रसायनिक मलबिना जमिनको उर्वरशक्तिमा ह्रास आइ उत्पादन नै हुन छोडेको तथ्य पनि उजागर भएको छ। यहाँ एकातिर किसानको मर्का पार्ने व्यक्ति नेतालाई मानेर जति गाली गरे पनि अवस्था नसुध्रिएको यथार्थको चित्रण गर्दै गलत व्यक्तिलाई भोट हालेर जिताइएकोमा खेद व्यक्त गरिएको छ र अर्कोपटक भोट नहालेर बहिष्कार गर्नेसम्मको मनसाय गीतमा पाइन्छ। त्यसैगरी अर्कोतिर नेताहरूले देशमा उपयुक्त रोजगारी सिर्जना गर्न नसकेको र खुर्सीको खिचातानीका कारण निम्तिएको राजनीतिक अस्थिरका कारण देशको युवाशक्ति विदेशिन बाध्य भएको पक्षको उजागर भएको छ। पाँचदेखि आठ पङ्क्तिमा मलको अभावले तीन किलो मल लिनको लागि तीनदेखि छ घण्टासम्म धाएर जानुपर्ने तर पनि चाहिए जति नपाइने बाध्यताको चित्रण गरिएको छ। जसका कारण किसानले एकातिर कृषि कार्यमा अनेक टन्टा व्यहोर्नु परेको छ भने अर्कातिर किसानलाई उब्जनी कम भएर मर्का पर्न थालेको कुरा व्यक्त गरिएको छ। यी गीतहरूमा ग्रामीण भेगका किसानले व्यहोर्नुपरेका कष्ट, पीर र मर्कामात्र उजागर भएको छैन। यसमा त आफूले प्रयोग गर्ने मताधिकार गलत हुँदा व्यहोर्नुपरेका अन्योल र त्यसले प्रदान गरेको सचेतता पनि सशक्त र व्यङ्ग्यात्मक ढङ्गले अभिव्यक्त भएको छ।

लहराले रूखको अन्तर्निभरतामा बाँचे झैँ यहाँ प्रकृतिका हरेक तत्त्व एकअर्कामा अन्तर्निहित हुन्छन्। यसैलाई सबै तत्त्वको सहअस्तित्व पनि भनिएको छ। काभ्रेपलाञ्चोक जिल्ला कृषिमा निर्भर जिल्ला भएकाले यहाँ पशुपालन अनिवार्य रूपमा गरिएको हुन्छ। यस्तै पशुपालन, खेतीपाती र नारीको सम्बन्ध यी गीतहरूमा यसरी आएको छ :

लहराले पहरा तानेको
किन मलाई निरकमल बैरीझैँ ठानेको
घाँसको भारी गाई बस्यो पारी
बोलौँ भने निरकमल मुखैमा सुपाडी
लहराले रूख बेर्‍यो फनफनी
बिरहले निरकमल रोइरहन्छ मन पनि
घाँसको भारी गाई बस्यो पारी
बोलौँ भने निरकमल मुखैमा सुपाडी
रहरले होइन गीत गाएको
बिरहमा निरकमल मन बुझाइरहेको
घाँसको भारी गाई बस्यो पारी
बोलौँ भने निरकमल मुखैमा सुपाडी
यो मनमा बिरह चलेर
छैन जाँगर निरकमल हातगोडा गलेर
घाँसको भारी गाई बस्यो पारी
बोलौँ भने निरकमल मुखैमा सुपाडी
गाईदेऊ गीत नमान लाज
धेरै रोपार निरकमल बोलाउने दिन आज
घाँसको भारी गाई बस्यो पारी
बोलौँ भने निरकमल मुखैमा सुपाडी (स्रोतः सेती घिमिरे, पनौती, कुशादेवीको रोपाइँमा गाइएको गीत, *२०८२ जेठ, २९)*

गीतको पहिलो र दोस्रो पङ्क्तिमा यहाँ लहराका माध्यमबाट जसरी कमजोर मानिएको चिज पनि पहरा तान्ने शक्तिशाली बन्न सक्छ त्यसरी नै महिलालाई कमजोर र बैरी ठान्ने प्रवृत्रिको विरोध गर्दै त्यो गल्ती नगर्न सन्देश दिएको छ । गीतको तेस्रो र चौथो पङ्क्तिमा महिलाले गाईको लागि घाँसको भारी बोकेर वारी आएको तर गाई भने पारी नै बसेकाले एकातिर गाईले खान नपाउने चिन्ता छ भने अर्कोतिर घाँस पारी नै लैजाने कि गाई वारी ल्याउने भन्ने अन्योल देखिन्छ । यहाँ एकातिर पशुपालनका क्रममा गर्नुपर्ने सबै अभिभारा महिलाको थाप्लोमा थोपरिने प्रवृत्तिको अधिव्यक्ति पाइन्छ भने अर्कातिर गाईले घाँस खान पायो, पाएन वा भोकै रह्यो भन्ने कुराको चिन्ता र गाईप्रतिको प्रेम साथै झल्किएको छ तर यस्तो अवस्थामा पनि नारीले समस्याको समाधान खोज्न नपाउने वा उसलाई स्वतन्त्रतापूर्वक बोल्न नपाउने प्रवृत्तिको चर्चा यहाँ गरिएको छ । गीतमा अभिव्यक्त मुखमा सुपाडीको अर्थ समाजले नारीलाई स्वतन्त्रतापूर्वक बोल्न नदिने र अदृश्य लक्ष्मण रेखा कोरिदिने प्रवृत्तिको पनि चर्चा गरिएको छ । गीतको पाँचौ र छैठौँ तथा नवौँ र दशौँ पङ्क्तिमा महिलालाई यो समाजका बन्देजहरूले लहराले रूख बेरेझैँ जेलेको कुरा आएको छ र नारीहरू रहरले भन्दा पनि आफूले बोल्न नपाएका कुराहरू वा बिरहका कथालाई गीतमार्फत प्रकृतिमा नै पोख्ने वा गाउने र मन बुझाउने गरेको यथार्थको चित्रण यसमा पाइन्छ । गीतको एघारौँ र बाह्रौँ पङ्क्तिमा मनमा चलेको विरहका कारण केही काम गर्ने जाँगर नचलेको प्रसङ्गलाई उल्लेख गरेको छ । यसले नारीको मानसिक अवस्थाले शारीरिक स्वस्थ्यका लागि र शारीरिक अवस्थाले मानसिक स्वास्थ्यका लागि निर्धारकको भूमिका निभाएको हुन्छ भन्ने सङ्केत गरेको छ । गीतको पन्ध्रौँ र सोह्रौँ पङ्क्तिले रोपाइँको दिन लाज र निराशाबाट माथि उठेर रोपाइँ गर्नुपर्ने आशय अभिव्यक्त भएको छ । मानो रोपेर मुरी फलाउने दिन खुसी र उत्साह र सकारात्मक सोचका साथ नाचगान सहित रोपो रोप्न सके उब्जनी बढ्ने विश्वास समाजमा अझै व्याप्त छ भन्ने कुरा पनि यस गीतले पुष्टि गरेको छ ।

यी गीतहरूमा खेतीपाती र पशुपालन दुवैतिर नारीले नै खट्नुपर्ने र सबै काम एकैचोटि हेर्न भ्याइनभ्याइ हुने परिस्थितिको चित्रण गरिएको छ । वस्तुका लागि घाँस काट्न नि जानुपर्ने र गोठालो पनि लाग्नु पर्ने परिस्थितिमा यहाँ घाँसको भारी बोकेर आउँदा गाई भने पारी नै छुटेको प्रसङ्गले नारीले सहनुपर्ने कर्मको कठिनतालाई उजागर गरेको छ । यहाँ महिलाहरूलाई सामाजिक रूपमा

बोल्नलाई बन्देज गरिएकाले गोठालो जाँदा, घाँस काट्दा वनपाखा, रूख, झार, बुट्यान वा खोलानालालाई तथा रोपाइँमा खेतलाई आफ्नो बिरह पोख्ने थलो पनि बनाउँछन् र दबदबे हिलो र हरिया बिउका मुठासँगै रमाउँदै मन हलुका पनि बनाउँछन् । यसर्थ यी गीतहरूमा प्रकृतिका विभिन्न तत्त्वहरूको एक अर्काबिचको सम्बन्ध स्थापित भएको पाइन्छ ।

**नारी र प्रविधि**

प्राकृतिक स्रोतलाई विज्ञान र उच्च प्रविधिले जमिनमा हिड्नेदेखि गुड्ने, जलमा शयर गर्ने, आकाशमा उड्ने साधनहरूको आविष्कार गरिए भने अन्तरिक्षमा यात्रा गर्ने यानदेखि पृथ्वीबाट प्रक्षेपण गरिने भूउपग्रह र अन्तरिक्ष स्टेशनहरू जडान गरिए । रेडियो, टेलिभिजन, सूचना र सञ्चार प्रविधि, टेलिफोन, मोबाइल, इन्टरनेट र साइबर संस्कृतिले सम्पूर्ण अन्तरिक्ष नै मानिसले कब्जामा लिए (राई, २०७०, पृ. ११९) । यहाँ भने प्रविधिको दुरूपयोगको नभइ सदुपयोगको चर्चा गरिदैछ । काभ्रेको प्रमुख पेसा नै कृषि हो र यस पेसामा महिलाको प्रमुख सहभागिता रहेको हुन्छ । खेतबारीमा उपयोग हुने विभिन्न औजारमध्येको एक कोदालोको चर्चा यी गीतहरूमा यसरी गरिएको छ :

बाले दिए चाखोला भन्नीमा
खाइछु जागिर कोदालो खन्नीमा ।
ए हो हातमा ठेला कोदालो खनेर
कल्लाई भनौं गाह्रो भो भनेर ।

(स्रोतः सीता सापकोटा, मन्डनदेउपुर, चाखोलाको रोपाइँमा गाइएको गीत, *२०८२ असार, ३१)*

गीतको पहिलो र दोस्रो पङ्क्तिमा बाले विवाह गरेर चाखोला भन्ने ठाउँमा दिएको र कामचाहिँ कोदालो खन्ने गर्नुपरेको छ भनिएको छ । यसमा नारीलाई आफ्नो इच्छा अनुरूपको व्यक्ति र स्थानमा विवाह गर्ने छुट छैन । बाले छानेको व्यक्ति र स्थानमा चुपचाप जानुपर्ने र घरपरिवार अनुरूपको कर्ममा खटिनुपर्ने बाध्यताको चित्रण गरिएको छ । यसलाई व्यङ्ग्यात्मक पारामा कोदालो खन्ने जागिर खाएको छु भनिएको छ । काभ्रेपलाञ्चोक जिल्लामा पहाडी भूभागको आधिक्यता रहेकाले पनि यहाँका बारीमा भिराला सानासाना सुर्का र खेतका पनि साना साना गरा बढी हुने गर्दछन् । चाखोला लगायत अधिकांश भूभागमा गोरुको तुलनामा कोदालो कोदालीको उपयोग नै बढी प्रभावकारी हुने गर्दछ । यहाँ नारीको कृषि कर्मलाई कोदालोले सघाएको छ । किसानका लागि कोदालो केवल फलामे औजारमात्र नभएर यो सङ्घर्ष, परिश्रम र उत्पादनको साधन पनि हो । कोदालोले जमिन खन्छ, डल्ला फोर्छ, माटो मलिलो बनाउँछ र बिउ छरेपछि सम्याउँछ । त्यही कोदालोले उम्रेको बिरूवाको गोडमेल गर्छ र अन्ततः फलेपछि पनि आलु, पिँडालु, तरूल, बदामजस्ता माटोमुनि उब्जनी हुने सबै प्रकारका बालीनालीलाई खनेर निकाल्दछ । माटोको ढिक्कालाई फोडेर सिर्जनाका लागि माटोलाई तयार पार्ने काम कोदालोले गर्छ । यस अर्थमा ग्रामीण भेगमा कोदालोले नारीको कृषि कर्म र नारीले कोदालोको उपयोग गरेर एकअर्कामा गहिरो सम्बन्ध स्थापित गरेका हुन्छन् । यी दुवैले उत्पादनको साधनको भूमिका निर्वाह गरेका हुन्छन् । दोस्रो गीतमा कोदालो खनेर हातभरी ठेला हुने गरी दुःख गरे पनि त्यो दुःख पराईको घरमा कसैले नदेख्ने र मलाई दुःख भयो भनेर पनि कसैसँग गुनासो गर्न नसक्ने तथा नमिल्ने बाध्यात्मक परिस्थितिको चित्रण गरिएको छ । ग्रामीण नारीहरू घरायसी कामकाजका उपयोग हुने प्रविधि र कृषिकर्ममा उपयोग हुने प्रविधिमा मात्र सीमित नभएर अन्य प्रविधिसँग पनि नजिक हुन थालेका छन् । जसको उजागर यस गीतमा यसरी भएको छ :

कति बज्यो बेला त घडीमा
कोरीबाटी दुई घण्टाभरीमा
ऐसेलुको काँडाले कोऱ्यो
घरबारे रैछ्यौ र मन मोऱ्यो ।

(स्रोतः कमला दाहाल, बनेपा, नालाको रोपाइँमा गाइएको गीत, *२०८२ जेठ, ३०)*

यस गीतको पहिलो र दोस्रो पङ्क्तिमा समय कति भयो भनेर हेर्ने घडी र नारीले सिँगारपटार गर्न धेरै समय लगाउने प्रवृत्तिको चर्चा गरिएको छ । गीतको तेस्रो र चौथो पङ्क्तिमा कसैप्रति पलाएको

मन घरबारे मान्छे भन्ने थाहा पाएपछि मन मारेको कुरा उल्लेख गरिएको छ । यहाँ घरबारे मान्छेप्रति पलाएको मन मारेर एक नारीले अर्को नारीको घर बिगार्न नहुने चेतनाको बिजारोपण भएको पाइन्छ । ग्रामीण भेगका नारी कृषि कार्यमा मात्र नभएर पशुपालन कार्यमा पनि उत्तिकै सक्रिय रहन्छन् । कृषि र पशुपालनका लागि जुटाउनुपर्ने घाँस, सोतर र दाउराजस्ता उपभोग्य सामग्रीको ओसारपसार गर्न विभिन्न प्रविधिको उपयोग गर्दछन् । यसमध्येको एक डोकोको चर्चा यस गीतमा यसरी गरिएको छ :

हे माया घाँसको डोको बोकेर कता
बोलाउँदा नि बोल्दिनौ अब त (स्रोतः गीता बस्नेत, बनेपा, बाँसडोलको रोपाइँमा गाइएको गीत, *२०८२ असार, ३१)*

यसमा घाँसको डोको बोकेर हिँडेकी साथीलाई बोलाउँदा नि नबोली हिडेको कुरामा गुनासो गरिएको छ । यस गीतमा घाँसको भारी बोक्न मात्र उपयोग गरिएको डोकोको चर्चा गरिए तापनि डोको ग्रामीण नारीको आगि अत्यन्त उपयोगी तथा धेरै नै प्रचलनमा आउने प्रविधि अन्तर्गत पर्दछ । यो बाँस र निगालोको चोयाबाट बन्दछ । डोको बोक्नका लागि नाम्लोको आवश्यकता पर्दछ । घाँसमात्र नभएर डोकोको उपयोग सोतर बोक्न, दाउरा बोक्न, माटो र बालुवा ढुङ्गा तथा टाढाबाट पानीको गाग्री बोक्न, मल बोक्न, मकैका घोगा लगायतका अन्न बोक्न, कतैबाट माटो या ढुङ्गा ओसार्न पनि डोकोको उपयोग गरिन्छ । यसर्थ डोको र नारीको सम्बन्ध अत्यन्त निकट पाइन्छ ।

मोटर बाटोको विकाससँगै ग्रामीण भेगमा पनि यातायातको सुबिधा र घुम्नेफिर्ने रहर पनि बढेको पाइन्छ । यो रहरलाई मानिसले आफ्नो हैसियत अनुरूपको यातायातको साधन र दुरीका साथ तय गर्छन् भन्ने कुरा यी दुई गीतमा यसरी आएको छ :

तिमी हामी जाउँ हिँड रमाउँदै
मिनीबसको डण्डीमा समाउँदै

(स्रोत : भगवती, लामिछाने, धुलिखेल, शङ्खुको रोपाइँमा गाइएको गीत, *२०८२ असार, १९)*

ए हो सुखीलाई स्विक्यायो रेलले
म दुःखीलाई फर्कायो मोटरले

(स्रोतः सीता सापकोटा, मन्डनदेउपुर, चाखोलाको रोपाइँमा गाइएको गीत, *२०८२ असार, ३१)*

पहिलो गीतमा तिमी र हामी मिलेर मिनिबसको डण्डीमा समाउँदै रमाइलो गर्दै कतै जाने कुरा भएको छ तर जाने ठाउँ भने स्पष्ट तोकिएको छैन तर यहाँ यातायातको साधनका रूपमा उपयोग हुने प्रविधिका रूपमा मिनिबसको चर्चा गीतमा भएको छ । दोस्रो गीतमा सुखीलाई रेलले स्विक्यायो र म दुखीलाई भने मोटरले फर्कायो भनेर यातायातको साधनका रूपमा उपयोग हुने प्रविधिका रेल र मोटरको चर्चा गरिएको छ । ती प्रविधिको उपयोगमा पनि सम्पन्न व्यक्तिको छनौट फरक र विपन्नको फरक हुने तथ्यको उजागर गीतले गरेको छ । यस गीतमा सम्पन्नलाई सुखी र विपन्नलाई दुखी भनिएको छ । यहाँ सम्पन्नले रेलमा यात्रा गरेको छ भने विपन्नले रेलमा यात्रा गर्न रहर भए पनि मोटरमा यात्रा गर्नु परेको बाध्यात्मक परिस्थितिको चित्रण गरिएको छ ।

काभ्रेपलाञ्चोक जिल्लामा अधिकतम पहाडी भूभागले भरिएको छ । उकालो ओरालो सहितको कर्म नै यहाँका बासिन्दाको दिनचर्या हो । त्यसमा पनि उकालो ओरालोको काममा महिलाको खटाई र शारीरिक श्रम अधिक हुने गर्दछ । खानपानको उचित व्यवस्थापन शारीरिक कमजोरी र पराई घरमा सहनुपर्ने मानसिक कमजोरीका चर्चा प्रविधिसँग जोडेर यी गीतहरूमा यसरी गरिएको छ :

कति गरौँ उकाली ओराली
जिउ सुकेर भइसक्यो मुरली
जिउ सुकेर भइसक्यो सुकुटी
के काम लाग्यो बुबाको ढुकुटी

(स्रोतः सीता सापकोटा र अन्य मन्डनदेउपुर, चाखोलाको रोपाइँमा गाइएको गीत, *२०८२ असार, ३१)*

गीतको पहिलो र दोस्रो पङ्क्तिमा नारीको शरीर उकाली ओराली गर्दागर्दै मुरलीजस्तो भएको चर्चा गरिएको छ । मुरली निगालोबाट बन्ने सुमधुर सङ्गीत प्रदान गर्ने बाजारूपी प्रविधि हो । यो निकै मसिनो हुन्छ । यहाँ उकाली र ओराली गर्दागर्दै कामले थाकेको शरीरमा स्याहारसुसार र मायाको

अभावमा झन्झन् सुक्दै र मुरलीजस्तै मसिनो शरीर हुने ग्रामीण भेगका नारीको यथार्थको चित्रण यस गीतले गरेको छ । त्यसैगरी गीतको तेस्रो र चौथो पङ्क्तिले पनि नारीको शरीर मानसिक र शारीरिक तनाबका कारण सुकुटीजस्तो भइसक्दा पनि सबै परिस्थितिको सामना र सम्झौता गरेर पराई घरमै गुजारा गर्नुपर्ने र बुबाको घरमा जति ठुलो ढुकुटी र त्यो ढुकुटीमा जतिसुकै धनसम्पत्ति भए पनि छोरीका लागि काम नलाग्ने यथार्थको सङ्केत गीतले गरेको छ । यहाँ अन्न लगायत राखनधरनका लागि उपयोग हुने प्रविधिका रूपमा ढुकुटीको चर्चा गरिएको छ ।

**नारी र भोजन**

कृषि जैविक विविधताको क्षेत्रभित्र खाद्य र कृषिसँग सम्बन्धित जैविक विविधताका सम्पूर्ण अंशहरू, कृषिजन्य पारिस्थितिक प्रणाली, कृषिजन्य वनस्पति, जीवजन्तु, जलचर र सुक्ष्म जीवाणुका वंशाणुगत प्रजाति पर्दछन् (थापा, २०६३, पृ. ३८) । सर्वप्रथम मानव जातिले आहाराको खोजीमा वनजङ्गलका फलफूल, कन्दमुल खोज्ने र जनावरको सिकार खेल्ने सँगसँगै गर्न थाले । वनको फलफूल र कन्दमुल खोज्ने प्रवृत्तिले तिनलाई वन्य वनस्पतिहरूबाट अनाजको खोजी या अनुसन्धानमा सफलता मिल्यो । (राई, २०७०, पृ. ११९) । आजपर्यन्त त्यही अनाज हाम्रो भान्सामा र पेटमा पुग्दछ । भान्साका सबै जिम्मेवारी नारीको काँधमा हुन्छ । भातभान्साको काम नारी बेगर पुरुषले गरेमा लघुताभास महसुस गर्ने परम्परा आज पनि हाम्रो समाजमा विद्यमान रहेको छ । भान्सामा तरकारी अपरिहार्य हुन्छ । भान्सामा पकाउने तरकारी लगाउनेदेखि पकाउने र खुवाउनेसम्मका नारीका जिम्मेवारीका पक्षलाई गीतमा यसरी समेटिएको छ :

आलु बोडी तरकारी सिमीले
फोन गर्दा नि उठाइनौँ तिमीले
आलु काटी थालैमा दुई चाना
लगाउँ माया बसौँला दुई जाना
ए हो खेती गऱ्यौ किसानी जम्मैले
ढाक्छ काभ्रे काउली र बन्दाले
ए हो दुःख रैछ नभन्नु प्युराको
खान्छौँ खाजा दालमोठ र चिउराको

(स्रोत : सन्तोषी सापकोटा र अन्य, मन्डनदेउपुर, चाखोलाको रोपाइँमा गाइएको गीत, *२०८२ असार, ३१)*

यस गीतको पहिलो र दोस्रो पङ्क्तिमा तरकारीका रूपमा उपयोग हुने आलु, बोडी र सिमीको चर्चा गरिएको छ । यहाँ आलु, बोडी र सिमी तीनैथरीका विविध प्रकारका हुन्छन् तर गीतमा कुनै विशेष प्रकारको चर्चा भने गरिएको पाइँदैन । त्यसैगरी साथीसँग फोन गर्दा नउठाएकोमा गुनासो पनि गरिएको छ । यी सबै तरकारीको उत्पादन गर्नेदेखि पकाएर खुवाउनेसम्मका कार्य महिलाको भागमा पर्दछ र नारीले खुसीसाथ आफ्नो जिम्मेवारी पूरा गरेका हुन्छन् । गीतको तेस्रो र चौथो पङ्क्तिमा प्रत्यक्ष रूपमा आलुका दुई चाना पकाएर खाएर पनि प्रेमपूर्ण जीवनयापन गर्न सकिने पक्षको चर्चा गरिएको छ भने अप्रत्यक्ष रूपमा नारीले संयुक्त परिवारको झमेलाबाट मुक्त भएर एकल परिवारको चाह व्यक्त गरेको पाइन्छ । गीतको पाँचौ र छैटौँ पङ्क्तिमा काभ्रेमा फैलिएको तरकारी खेती अन्तर्गतको प्रमुख काउली र बन्दागोभी खेतीको चर्चा गरिएको छ । हाल काभ्रेली महिलाले तरकारी खेतीबाट आर्थिक उन्नतिको बाटो अपनाएको पाइन्छ । गीतको सातौँ र आठौँ पङ्क्तिमा खेतीपाती लगायतका अन्य कामबाट थाकेर अन्य खाजा बनाउने फुर्सदसम्म नभएर खाजाका रूपमा दालमोठ र चिउरा खाएर भोक टार्नुपर्ने परिस्थितिमा समेत दुःख रहेछ भनेर नभन्नु भनिएको छ । यहाँ नारीहरू दुःखमा पनि दुःख नमानी सङ्घर्ष गर्न खप्पिस छन् । अभावलाई पनि अभाव नमानी जेसुकै खाएर गुजारा गर्न तयार रहने कुराको चर्चा गरिएको छ । गाउँघरमा खेतीपाती गर्ने किसानले पाहुनालाई सत्कार गरेर आफूले जे खायो त्यस्तै खाना र खाजा खुवाउने परम्पराको चर्चा यस गीतमा यसरी गरिएको छ :

एकछिन बस्नुस् घरैमा जाउँला नि
मकै भुटी गुन्द्रुकसँग खाउँला नि
सरररर गाउँघरको कुरै अर्कै छ

खेती गर्ने किसानलाई सधैँ मर्कै छ ।

(स्रोत : पम्फादेवी पराजुली र अन्य, भुम्लु, ज्याम्दीको रोपाइँमा गाइएको गीत, *२०८२ असार, २५)*

यस गीतमा कृषि कार्यमा समर्पित किसानको जीवन अन्यको जस्तो सहज नहुने र सधै मर्कामा नै पर्ने भए तापनि आएका पाहुनाप्रति सम्मानभावमा कुनै कमी हुन दिदैनन् । खेतबारीमा काम गर्दै गर्दा आएका पाहुनालाई सत्कार गरेर घरमा जाउँ र घरमा गएर मकै भुटेर र गुन्द्रुक साँधेर खाउँला भनिएको छ। यहाँ खाना र खाजाका रूपमा उपयोग हुने मकैका अनेक परिकारमध्ये भुटेको मकै र गुन्द्रुकको अचारको चर्चा गरिएको छ । काभ्रेपलाञ्चोक जिल्लाका प्राय सबै भान्सामा बिहान बेलुकाको खानाका रूपमा भात पाक्ने गर्दछ । भातका लागि धानको उब्जनी हुनु जरूरी छ । काभ्रेका खेतमा धानको उब्जनी यथेष्ट हुनु पहिलो कारण हो भने धान यथेष्ट उत्पादन नभए पनि चामल किन्न सहजै पाइनु दोस्रो कारण हो। भात पकाउनका लागि धानको आवश्यकता पर्दछ। यसै सन्दर्भलाई यस गीतमा यसरी समेटिएको छ :

सरिता गैह्री खेतमा धान फल्यो तीस गेडा
निरकमल जाजा भन्छन् कहाँ जानु निस्केर

(स्रोतः ईश्वरी पराजुली, बनेपा, नालाको रोपाइँमा गाइएको गीत, *२०८२ असार, २)*

यस गीतमा खाना खाने भातका लागि उत्पादन हुने धानको उत्पादनमा आएको कमीको चर्चा गरिएको छ । एकातिर माटो र खाद्यान्यमा प्रयोग गरिएको रासायनिक मल र विषदीको प्रयोगले माटोको उर्वराशक्तिमा आएको ह्रास र उब्जनीमा भएको कमीलाई गीतको पहिलो पङ्क्तिमा गैह्री खेतमा तीसगेडा मात्र धान फल्यो भनिएको छ अर्थात् माटोको उर्वराशक्तिमा आएको क्षयलाई यस गीतमा व्यङ्ग्यात्मक पाराले गैह्री खेतमा तीस गेडा धान फल्यो भनिएको छ भने अर्कातिर धान कम फल्नु वा काम बिग्रनुको भागेदार नारीले बन्नुपर्ने तथ्यको सङ्केत पनि यसले गरेको छ। गीतको दोस्रो पङ्क्तिमा बिहे भएर पराई घरमा गएका नारीलाई घरबाट निस्केर जा भन्दा जाने ठाउँ नभएको चर्चा गरिएको छ । यस गीतमा बिहेपछि पराइलाई आफ्नो मान्छे र पराइघरलाई आफ्नो घर मानेर बसेका महिलालाई निस्केर जा भन्दा जाने ठाउँ कतै नहुने सामाजिक यथार्थलाई पनि गीतले समेटेको छ । मारे पाप पाले पुण्य भन्दै कन्यादान दिने धार्मिक र सामाजिक परिपाटीका कारण छोरीहरू घर न घाट हुने स्थिति निरन्तर चलिरहेको छ अर्थात् छोरी मान्छेलाई जन्मघरबाट अन्यत्रै विवाह गरेर पठाउने र बिहेपछिको घरमा पनि हेला सहनुपर्ने प्रवृत्तिको उजागर यस गीतमा भएको छ ।

## निष्कर्ष

प्रस्तुत लेख काभ्रेली लोकगीतमा पर्यावरणअन्तर्गतको नारीपर्यावरणमा आधारित रहेको छ । यसमा नारी र पर्यावरणको सम्बन्ध नारी र प्रकृति, नारी र प्रविधि तथा नारी र खानपानको आधारमा खोजी गरिएको छ । नारी पर्यावरण पर्यावरणीय सिद्धान्तको एक पाटो हो । नारीपर्यावरणले नारीवाद र पर्यावरणबिचको संयोजनलाई बुझाउँछ । नारीपर्यावरणीय समालोचना यस्तो साहित्यिक समालोचना हो, जसले महिला र वातावरणबिचको सम्बन्धलाई अध्ययन गर्छ। प्रस्तुत लेखमा काभ्रेली लोकगीतमा नारी र पर्यावरणको सम्बन्धको अध्ययन गरिएको छ। यसका लागि सर्वप्रथम काभ्रेपलाञ्चोक जिल्लाबाट सङ्कलित छओटा लोकगीतको छनौट यसमा गरिएको छ । काभ्रेका लोकगीतमा निहित नारी र पर्यावरणको सम्बन्ध उद्घाटनमा केन्द्रित प्रस्तुत अध्ययनको सैद्धान्तिक आधार नारीपर्यावरणीय समालोचना सिद्धान्तमा आधारित छ। यसमा काभ्रेली लोकगीतको नारी र प्रकृति, नारी र प्रविधि तथा नारी र खानपानका आधारमा विश्लेषण गरिएको छ। यसमा नारी र प्रकृतिको सम्बन्ध अन्तर्गत माटो, पानी, बोटबिरूवा लगायतका पक्षसँगको सम्बन्ध खोजिएको छ भने नारी र प्रविधिअन्तर्गत नारीले काम गर्ने क्रममा सामान ओसारपसार गर्ने क्रममा भारी बोक्न उपयोग हुने डोको, घरको सरसामान र अन्नको राखनधरनको लागि उपयोग हुने ढुकुटी, विज्ञान र प्रविधिको विकाससँगै समय मापनमा उपयोग हुने घडी, यातायातका साधन अन्तर्गत मोटर र रेल, मनोरञ्जनका साधन अन्तर्गत बाजाका रूपमा उपयोग हुने मुरली आदिसँगको सम्बन्धको चर्चा गरिएको छ । अन्त्यमा, नारीपर्यावरणीय

मान्यतामा आधारित भएर हेर्दा काभ्रेली लोकगीतमा नारी र पर्यावरणको सम्बन्धको निकै बलियो र एकअर्कामा पूरक सम्बन्धमा आधारित भएको पक्षको उजागर भएको छ ।

**Ethical approval for the research:** Not applicable
Consent for publication: Not applicable
**Conflict of interest:** The author does not have any conflict of interest with any institutions concerning this research
**Ethical conduct of research:** This paper is written ethically

## सन्दर्भसामग्री सूची

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* अक्षर क्रियसन्स प्रा. लि. ।

उप्रेती, सञ्जीव (२०७९), *सिद्धान्तका कुरा,* बुक हिल ।

गिरी, अमर (२०८१), पर्यावरण, पर्यावरणीय दृष्टिकोण र पर्यावरणीय समालोचना, *मूलबाटो, ३५(२),* पृ. ५५-६५ ।

त्रिपाठी, गीता (२०७५), *आधुनिक नेपाली कवितामा पर्यावरणीय चेतना,* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

त्रिपाठी, गीता (२०८०), समकालीन नेपाली कवितामा पर्यावरण, गोविन्दराज भट्टराई र विजय हितान (सम्पा.), *पर्या साहित्य सिद्धान्त र सिर्जना,* (पृ. ६९-११२), सम्पूर्ण किताब ।

थापा, भक्तबहादुर (२०६३), *नेपालको जैविक विविधता,* नीता थापा ।

दीक्षित, मदनमणि (२०७०), *ऋग्वेदमा समवेत पर्यावरण,* विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, गोविन्दराज (२०६४), *उत्तर आधुनिक विमर्श र सिर्जना,* मोर्डन बुक्स ।

भट्टराई, गोविन्दराज (२०८०), इको-साहित्य ⁄परिवृत्तीय सिर्जना र मूल्याङ्कन, गोविन्दराज भट्टराई र विजय हितान (सम्पा.), *पर्या साहित्य सिद्धान्त र सिर्जना,* (पृ. १३-४६), सम्पूर्ण किताब ।

राई, रक्ष (२०८०), युद्ध, पर्यावरण तथा वातावरण. गोविन्दराज भट्टराई र विजय हितान (सम्पा.), *पर्या साहित्य सिद्धान्त र सिर्जना,* (पृ. ११३-१३४), सम्पूर्ण किताब ।

लामा, कविता (२०८२), महिला र माटोः मिथ र यथार्थ, *अस्मिता.* २(३-४), पृ. १५-२० ।

हितान, विजय (२०८०), पर्यावरणीय साहित्य आजको आवश्यकता र महत्त्व, गोविन्दराज भट्टराई र विजय हितान (सम्पा.), *पर्या साहित्य सिद्धान्त र सिर्जना,* (पृ. ४७-५६), सम्पूर्ण किताब ।

Abrams, M. H. (2007). *A Glossary of literary terms.* Thomson.

Gaard, G. (Ed.). (1993). *Ecofeminism: Women, animals, nature*. Temple University Press.

Garrard, G. (2004). *Ecofeminism,* Routledge.

Glotfelty, C., & Fromm, H. (Eds.). (1996). *The ecocriticism reader: Landmarks in literary ecology*. University of Georgia Press.

Keyoor, K., & Subuddhi, C. (2019). Staying alive: Women, ecology, and development. *Journal of International Women's Studies, 20*(7), COVZ.

King, Y. (1981). Ecocriticism and the revolt of nature. *Heresies, 13*(4), 12–16.

Mies, M. & Shiva V. (2014). *Ecofeminism* (2nd ed.). Zed Books.

Plumwood, V. (1993). *Feminism and the mastery of nature* [eBook]. Routledge. https://doi.org/10.4324/9780203006754

## About the Author

Januka Koirala is a research scholar in Trivhuvan University